आज मिति २०७८/०३/१४ गते सोमबार दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिक बहादुर कार्की | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत | - श्री निर्मल पौडेल | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| बरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री उज्वल बराल, नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी, केन्द्रिय सदस्य

श्री शुक्र बहादुर विशंखे, राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री अमरेस चन्द्र बैदार, अध्यक्ष, उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री कृष्ण बहादुर क्षेत्री, जिल्ला ट्राफिक कार्यालय, सिन्धुली

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री रुद्रराज अधिकारी, गैर सरकारी संस्था महासंघ

श्री दिपक घिमिरे, सिड्स नेपाल

श्री खुशराज पौडेल, रिलिफ नेपाल

श्री शिव बहादुर बस्नेत, सुनौलो वि.पि. यातायात

श्री कान्छामान बल, अध्यक्ष, यातायात व्यवसायी संघ, सिन्धुली

श्री शान्तिमान कार्की ने.क.पा. (एमाले) सिन्धुली

श्री महेन्द्र देव श्रेष्ठ अध्यक्ष खानेपानी तथा सरसफाई उ.स.

श्री रेखा गौतम भद्रकाली यातायात प्रा.ली.

श्री दिलिपराज अधिकारी सुप्रभु भाई यातायात प्रा.ली.

श्री बद्री पराजुली सुनौलो बि.पी. यातायात प्रा.ली.

श्री तारा बहादुर प्रानाल ट्रक व्यवसायी संघ सिन्धुली

श्री हरिकृष्ण बुढाथोकी चालान यातायात प्रा.ली.

श्री अर्जुन पराल क.न.पा.-११

श्री प्रमोद तिमल्सीना, नयाँ नेपाल

श्री शिवबहादुर बस्नेत प्रशासकीय अधिकृत

श्री ईश्वरीलाल श्रेष्ठ कालिकामलामाई यातायात प्रा.ली.

श्री बिशाल बानियाँ अ.रा. पत्रकार संघ

श्री जयराम बहादुर वि.क. अध्यक्ष, कालिञ्चोक यातायात प्रा.ली.

निर्णयहरुः

१. सिन्धुली जिल्लामा आजको मितिसम्म कोभिड-१९ का सक्रिय संक्रमित ३५७ रहेको र कोभिडका कारण ३४ जनाले ज्यान गुमाउनु भएको छ । जिल्लाको कोभिड-१९ को स्थितिमा केही सुधार आएतापनि अझै सजगता अपनाइ मास्क लगाउने, सामाजिक दूरी कायम गर्नु पर्ने अवस्था विद्यमान रहेको छ । लामो समय सम्म निषेधाज्ञा लगाउँदा नागरिकको जनजीवन प्रभावित भएकोले निषेधाज्ञालाई मिति २०७८/०३/२१ गते राती १२:०० बजेसम्म केही खुकुलो गरी तपशिल बमोजिम हुनेगरी निरन्तरता दिने ।

<u>तपशिलः</u>

क) पसल व्यवसायहरु स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई विहान ६:०० बजे देखि वेलुका ६:०० बजे सम्म संचालन गर्न दिने ।

ख) निजी नम्बर प्लेटका सवारी साधनलाई स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई जिल्ला भर संचालन गर्न दिने ।

ग) सरकारी कार्यालय, सार्वजनिक संस्थानहरु, बैंक तथा वित्तीय संस्थाहरुले स्वास्थ्य सुरक्षाको मापदण्ड कायम गरी भिडभाड नगराई संचालन गर्ने ।

घ) होटल व्यवसायहरुले टेक अवे सेवा मात्र संचालन गर्न पाउने ।

ङ) लामो समयको निषेधाज्ञाको कारण नागरिकलाई आवतजावतमा असहज भएको, सरकारी कार्यालय, वैंक तथा वित्तीय संस्थाहरुबाट सहज रुपमा सेवा प्राप्त गर्न नसकेकोले नागरिकको आवतजावतलाई केही सहज बनाउन सिन्धुली जिल्ला भित्र (छोटो दूरी) मात्र स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई कुल क्षमताको ५०% मात्र सिटमा यात्रु राख्न पाउने गरी सार्वजनिक यात्रुबाहक सवारी साधन संचालन गर्न दिने । सार्वजनिक यात्रु बाहक सवारी साधन संचालन गर्दा चालक, सहचालक र यात्रुले अनिवार्य मास्क लगाउने व्यवस्था गर्नु पर्ने । सेनिटाईजरको प्रयोग गर्ने र सामाजिक दूरी कायम गरी सवारी साधन समय समयमा निष्संक्रमित गरेर मात्र संचालन गर्ने ।